# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मेलम्ची, सिन्धुपाल्चोक
## ३ नं. प्रदेश, नेपाल
# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:- २०७५/०५/०७

मेलम्ची नगर कार्यपालिकाको निर्णयानुसार मेलम्ची नगरपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयहरूमा रही कार्य गर्नको लागि तपशिलको पदमा खुला प्रतियोगिताद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरूले कार्यालयबाट निर्धारण गरिएको दरखास्त फाराम भरी सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | पद/तह | आवश्यक संख्या | परीक्षाको किसिम |
|---|---|---|---|---|
| १ | १/०७५/७६ | कानून अधिकृत | १ (एक) | लिखित तथा अन्तर्वार्ता |
| २ | २/०७५/७६ | अ.हे.व. (सहायक स्तर चौथो) | २ (दुई) | अन्तर्वार्ता |
| ३ | ३/०७५/७६ | अ.न.मी. ( सहायकस्तर चौथो ) | ४ (चार) | अन्तर्वार्ता |
| ४ | ४/०७५/७६ | ब्याकहो लोडर अपरेटर (श्रेणी विहीन) | १ (एक) | अन्तर्वार्ता |
| ५ | ५/०७५/७६ | कार्यालय सहयोगी (श्रेणी विहिन) | ८ (आठ) | अन्तर्वार्ता |

**द्रष्टव्यः**

परीक्षा केन्द्रः- मेलम्ची नगरपालिका कार्यालय, मेलम्ची, सिन्धुपाल्चोक

परीक्षा दस्तुरः- कानून अधिकृतको हकमा रू. १०००।-, अ.हेव.को हकमा रू. ५००।-, अनमीको हकमा रू. ५००।-, ब्याक हो लोडर अपरेटर र कार्यालय सहयोगीको हकमा रू. ४००।-

उम्मेदवारको उमेर हद :- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

दरखास्त दिने अन्तिम मितिः- २०७५/०५/२१ गतेसम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन)

परीक्षा दस्तुर बुझाउने स्थान :- मेलम्ची नगरपालिका कार्यालय, मेलम्ची, सिन्धुपाल्चोक ।

सेवा, सुविधाः- नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

सेवा करार अवधि : २०७६ असार मसान्तसम्म ।

सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट ।

उम्मेदवार छनौटको तरिकाः short listing र अन्तर्वार्ता

उम्मेदवार छनौटको (short listing)आधारहरू देहाय बमोजिम हुनेछन् :

| क्र.सं. | सूचकहरू |
|---|---|
| १ | शैक्षिक योग्यता |
| २ | कार्य अनुभव ( न्युनतम शैक्षिक योग्यता हासिल गरे पश्चातको ) |
| ३ | उम्मेदवारको स्थायी ठेगाना |
| ४ | स्थानीय तहमा कार्य अनुभव भएको |

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः-**

सि.नं. १ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह उत्तिर्ण गरेको । सि.नं २ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. कोर्स उतीर्ण गरी भएको हुनुपर्नेछ । सि.नं. ३ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अनमी कोर्स उतीर्ण गरी नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ सि.नं. ४ को हकमा ब्याकहो लोडर सञ्चालनको ईजाजत पत्र (लाईसेन्स) प्राप्त तथा सम्बन्धित कार्यमा कम्तिमा एक बर्षको अनुभव प्राप्त हुनपर्नेछ । सि.नं ५ को हकमा नेपाली भाषामा लेखपढ गर्न सक्ने र कम्तिमा आधारभुत विद्यालय तह उतीर्ण भएको हुनुपर्नेछ ।

**अन्य योग्यता :**

(क) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियमअनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनुपर्नेछ ।

(ख) तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अनुभव लगायत अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) प्रकाशित सूचना अनुसार इच्छुक उम्मेदवारले रितपूर्वक तोकिएको मितिमा व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि, अनुभवका प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित भई आवेदन दिनु पर्नेछ ।

(घ) अन्तर्वार्तामा उम्मेदवारहरूले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरू, नेपाली नागरिकता, कार्य अनुभवका प्रमाणपत्रहरू लगायतका कागजातहरूको सक्कल अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

(ङ) अन्तर्वार्तामा सम्बन्धीत विषयमा तालिम लिएको र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।

(च) परिक्षा फाराम मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

पदपूर्ति समिति